# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) धनगढी, नेपाल, माघ ६ गते, २०७६ साल (अतिरिक्ताङ्क १०(ख)

## भाग २

## सुदूरपश्चिम प्रदेश सरकार

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

**रामारोशन क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७६**

रामारोशन क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति गठन आदेश, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,



प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहाय बमोजिमको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस आदेशको नाम "रामारोशन क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन)(पहिलो संशोधन) आदेश, २०७६" रहेको छ ।

२. रामारोशन क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) आदेश, २०७५ को दफा ३ को उपदफा (२) मा संशोधन : मूल (गठन) आदेशको दफा ३ को उपदफा (२) को खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएको छः-

"(ङ१) अछाम जिल्लाको डिभिजन वन कार्यालयको प्रमुख - सदस्य"

३. मूल (गठन) आदेशको दफा ४ मा संशोधन: (१) मूल आदेशको दफा ४ को उपदफा (१) को खण्ड (च) को सट्टामा देहायको खण्ड (च) राखिएको छः-

"(च) पर्यटन व्यवसायी र स्थानीयसँग सहकार्य गरी तीर्थयात्री तथा पर्यटकहरुको खाने बस्ने सुविधाको लागि पहाडी जनजीवन र संस्कृति झल्कने किसिमको ठाउँ-ठाउँमा विश्राम गृह, होटल, लज आदिको निर्माण लगायतका अन्य व्यवस्था गर्ने, गराउने।"

(२) उपदफा (१) को खण्ड (झ) पछि देहायको खण्ड (झ१) थपिएको छः-

"(झ१) धार्मिक, आध्यात्मिक, खेल पर्यटन, पर्यापर्यटन तथा स्वास्थ्य पर्यटन प्रवर्द्धन गर्न

आवश्यक भौतिक पूर्वाधार निर्माण गर्ने, गराउने।"

(३) उपदफा (१) को खण्ड (ठ) पछि देहायको खण्ड (ड) थपिएको छ :-

"(ड) समितिका अध्यक्ष तथा सदस्यहरुले निर्माण तथा अन्य योजनाहरुको अनुगमन गर्न सक्नेछन् ।"

४. मूल (गठन) आदेशको दफा ६ मा संशोधन: (१) मूल आदेशको दफा ६ को उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-

"(२क) उपदफा (१) बमोजिम कार्यकारी निर्देशकको नियुक्ति नभएसम्म प्रदेश सरकारले उपदफा (२) बमोजिमको योग्यता पुगेको प्रदेशमा कार्यरत कर्मचारी मध्येबाट कुनै कर्मचारीलाई कामकाजका लागि तोक्न सक्नेछ ।"

मन्त्रिपरिषद्बाट स्वीकृत मितिः-२०७६।१०।०६

आज्ञाले,
डा. दीपक कुमार खराल
प्रदेश सरकारका सचिव



मुद्रकः आन्तरिक मामिला तथा कानुन मन्त्रालय, धनगढी, कैलाली। मुल्यः रु. ५।-